अन्तिम लेखापरीक्षण प्रतिवेदन

गल्छी गाउँपालिका
धादिङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गल्छी गाउँपालिका

धादिङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गल्छी गाउँपालिका

धादिङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, बिश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

प.सं. २०८०।८१ मितिः२०८१।०२।०८
च.नं. १३९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
गल्छि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बैरेनी, धादिङ्ग।

१. **कैफियत सहितको राय** — हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड २५ लाख ६५ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा रू २ करोड ५९ लाख ८६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरूजु असुल गर्नुपर्ने रू ३३ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७८ लाख ७० हजार, नियमित गर्नुपर्ने रू. ५१ लाख ९३ हजार र पेश्की बाँकी रू. २ लाख समेत रू १ करोड ६५ लाख ७९ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रू. २२करोड २२ लाख १० हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू. २५ करोड ६५ लाख ७० हजार रहेको छ । यस गाउँपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ । हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं ।

त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् । वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शकर प्रसाद पन्थी)

नायव महालेखापरीक्षक

गल्छि गाउँपालिका,
धादिङ्ग ,

१. चालु वर्ष २०७९।८० को बेरूजु

बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

प्रारम्भिक बेरूजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरूजु			बेरूजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिए को	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५३	२१	४२५६५	०	२	२५९८६	५३	१९	१६५७९	३३१६	५१९३	७८७०	०	०	१३०६३	२००

२. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरूजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु	यो वर्षको बेरूजु	कुल बेरूजु बाँकी
धादिङ्ग	३५८५९०	०	१३६३८०	२२२२१०	१७७८१	१६५७९	२५६५७०

३. बेरूजु सम्परीक्षणको विवरण

(रू. हजारमा)

	आर्थिक वर्ष	बेरूजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)	६	संचित कोष फिर्ता गरेको भौचर पेश भएको	२५९३६
		५९	प्रमाण पेश भएको	५०
	चालु वर्षको जम्मा			**२५९८६**
	गत विगत वर्षतर्फको			
	२०७८।७९		दाखिला	२९५
			प्रमाण	२२९१
	जम्मा			**२५८६**
	२०७७।७८		दाखिला	३९३९०
			प्रमाण	२१४०६

	जम्मा			**६०७९६**
	२०७६।७७	३२	फाइल पेश भएको	७०२००
		२८.३	दाखिला भौचर पेश भएको	९१
		४०.२	प्रमाण पेश भएको	९९४
		४४	नियमित भएको	२३
		७६	नियमित भएको	१०९४
		८१	नियमित भएको	५६
		३८	दाखिला भौचर पेश भएको	४०
			आन्तरीक खातामा दाखिला भएको	५००
	गत विगतको जम्मा			**७२९९८**
	कुल जम्मा			१६२३६६

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ (क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित क्षेत्रफल १२९.०८ वर्ग किलोमिटर, २८२१० जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत ८ वडा वाट ४३ गाउँसभा सदस्य रहेका छन्

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व धरौटी, कोष तथा अन्य आय/व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९/८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि मिति २०८०/०५/०८ देखि मिति २०८०/०६/२१ सम्म रहेको छ ।**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी बिश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।**(च) आर्थिक कारोबारको स्थिति -** गाउँपालिकाको आय/व्यय रू १०१५२५५९७०.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण दफा -३ मा संलग्न छ ।

२ **संचित कोषको आय व्यय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय/व्यय हिसावको आर्थिक वर्ष २०७९/८० को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

प्राप्ती भुक्तानी हिसाव
अवधी - मिति २०७९/०४/०१ देखि मिति २०८०/०३/३२

8					
विवरण	यस वर्ष रू.			गतवर्ष रू.	
	बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैलेगरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	९६,१७,४५,८५९.७१	६०,६३,९८,३९७.०५	६०,६३,९८,३९७.०५	६१,९७,२४,७६७.२७	६१,९७,२४,७६७.२७
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	९३,९०,०७,५९६.५३	५८,१९,५८,६८८.२०	५८,१९,५८,६८८.२०	६०,९६,६७,९५८.२७	६०,९६,६७,९५८.२७
११००० कर	१९,५१,८३,०००.००	१२,८६,५०,६४७.४७	१२,८६,५०,६४७.४७	१५,५७,४५,०८५.१२	१५,५७,४५,०८५.१२
१३००० अनुदान	४७,१८,७६,१०४.००	४४,३२,१७,४२२.००	४४,३२,१७,४२२.००	४२,३३,११,७६०.००	४२,३३,११,७६०.००
संघीय सरकार	३८,७२,६०,१०४.००	३५,८६,०१,४२२.००	३५,८६,०१,४२२.००	३६,०५,३२,७६०.००	३६,०५,३२,७६०.००
प्रदेश सरकार	८,४६,१६,०००.००	८,४६,१६,०००.००	८,४६,१६,०००.००	६,२७,७९,०००.००	६,२७,७९,०००.००
१४००० अन्य राजस्व	३,११,४०,३६६.००	१,००,९०,६१८.७३	१,००,९०,६१८.७३	३,०६,११,११३.१५	३,०६,११,११३.१५
३२००० वित्तीय सम्पत्ति	२४,०८,०८,१२६.५३	०	०	०	०
ख. अन्य प्राप्ति	२,२७,३८,२६३.१८	२,४४,३९,७०८.८५	२,४४,३९,७०८.८५	१,००,५६,८०९.००	१,००,५६,८०९.००
वितरण गर्न बाकी राजस्व	०	०	०	०	०
कोषहरू	२,२७,३८,२६३.१८	१,३४,६५,२७९.६०	१,३४,६५,२७९.६०	१९,९०,०००.००	१९,९०,०००.००
धरौटी	०	१,०९,७४,४२९.२५	१,०९,७४,४२९.२५	८०,६६,८०९.००	८०,६६,८०९.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
भुक्तानी (ग+घ)	९६,१७,४५,८५९.७१	७६,५३,६५,२०२.१९	७६,५३,६५,२०२.१९	६४,४७,४१,८६५.०२	६४,४७,४१,८६५.०२
ग. भुक्तानी (सञ्चित कोषबाट)	९३,९०,०७,५९६.५३	७४,४३,१८,३४१.१९	७४,४३,१८,३४१.१९	६४,००,५२,७४१.९७	६४,००,५२,७४१.९७
२१००० पारिश्रमिक / सुविधा	१९,३७,८६,०००.००	१७,०२,८२,५९८.५८	१७,०२,८२,५९८.५८	१७,३१,९८,४५३.६९	१७,३१,९८,४५३.६९
२२००० मालसामान तथा सेवाको उपयोग	१९,५४,६२,०००.००	१३,८०,५०,५२२.३९	१३,८०,५०,५२२.३९	१०,०१,०३,०७१.०८	१०,०१,०३,०७१.०८
२५००० सहायता (Subsidy)	२,९४,०२,०००.००	२,७८,५०,८०४.००	२,७८,५०,८०४.००	१,८६,२५,१७८.००	१,८६,२५,१७८.००
२७००० सामाजिक सुरक्षा	१,५३,१७,०००.००	१,२४,७५,३८०.००	१,२४,७५,३८०.००	१,३९,३८,००८.००	१,३९,३८,००८.००
२८००० अन्य खर्च	१०,३४,८४,४०६.४२	६,५९,५१,८९३.४२	६,५९,५१,८९३.४२	४,२१,१०,००५.२०	४,२१,१०,००५.२०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	४०,१५,५६,१९०.११	३२,९७,०७,१४२.८०	३२,९७,०७,१४२.८०	२९,२०,७८,०२६.००	२९,२०,७८,०२६.००

घ. अन्य भूक्तानी	२,२७,३८,२६३.१८	२,१०,४६,८६१.००	२,१०,४६,८६१.००	६४,४७,४१,८६५.०२	६४,४७,४१,८६५.०२
कोषहरू	२,२७,३८,२६३.१८	१,६५,५०,०५१.००	१,६५,५०,०५१.००	२०,०१,०००.०५	२०,०१,०००.०५
धरौटी	०	४४,९७,०३५.००	४४,९७,०३५.००	२६,८८,१२३.००	२६,८८,१२३.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-२२५.	-२२५.		
ङ. यो वर्षको बचत (न्युन)		(१५,८९,६६,८०५.१४)	(१५,८९,६६,८०५.१४)	(२,५०,१७,०९७.७५)	(२,५०,१७,०९७.७५)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		२६,५०,५९,७१०.५३	२६,५०,५९,७१०.५३	२८,००,५५,७८९.५७	२८,००,५५,७८९.५७
वर्षान्तको बाकी रकम (ङ + च)		१०,६०,९२,९०५.३९	१०,६०,९२,९०५.३९	२५,५०,३८,६९१.८२	२५,५०,३८,६९१.८२
बैंक तथा नगद बाकी		१३,१३,८०,०३३.९९	१३,१३,८०,०३३.९९	३०,१५,१७,५१५.३१	३०,१५,१७,५१५.३१

कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट (CGAS) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको सामाजिक सुरक्षाको रू ११२६०६८७९.०० र एकिकृत स्वाथ्य स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रू २८१९०७५७.८४ रकम समावेस गरेको छैन । उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमा समावेस भएको छैन । गाउँपालिका हुने सवै खर्च सूत्रमा प्रविष्टि गरी खर्च गर्नु गराउनु पर्दछ ।

३ **एकिकृत आय/व्यय -** गाउँपालिकाको आर्थिक वर्ष ०७९/८० को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

अवधी - मिति २०७९/०४/०१ देखि मिति २०८०/०३/३२

आय			व्यय		
बिबरण	**रकम**	**रकम**	**बिबरण**	**रकम**	**रकम**
गत बर्षकोमौज्जात अ.ल्या. रकम		२६५०५९७१०.५	चालुखर्च		४१४६१११९८.४
बैंक मौज्दात			आन्तरिक श्रोत	८७६८७०९२.४३	
संचित कोषखाता	२४०८०८१२६.५		नेपाल सरकार समानीकरण अनुदान	७२३१८३४९.५	

धरौटीखाता	१३५५२५८४		नेपाल सरकार सशर्त अनुदान	१६८३९८७७६	
प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह	१०५०००००		प्रदेश सरकार समानीकरण अनुदान	७६३४५७२	
विविध खर्च खाता /कोष-बैंक (ग २-७)	१९९०००		प्रदेश सरकार सशर्त अनुदान	४५४९०८१	
			राजस्व बाँडफाड प्रदेस सरकार तर्फ	८५६१९५४	
राजस्व		१३८७४१२६६।२०	राजस्व बाँडफाड संघीय सरकार तर्फ	६५४६१३७३.५१	
आन्तरिकराजस्व	४९४५६३७२.०८				
राजस्व बाँडफाँड - प्रदेश सरकार	१६६९९२९९.३२		पुजीगतखर्च		३२९७०७१४२.८
राजस्व बाँडफाँड - संघीय सरकार	७२५८५५९४.८		आन्तरिक श्रोत	१८८१८७०५५.२	
			नेपाल सरकार समानीकरण अनुदान	५२९१७१७४	
संघियसरकार अनुदान		३५८६०१४२२	नेपाल सरकारसशर्तअनुदान	२३४२६८१४.५	
बितियसमानीकरण	१४३९३००००		नेपाल सरकार विषेश अनुदान चालु	४९६३१८	
सशर्तअनुदान चालु	१८१७८५०००		नेपाल सरकार समपुरक अनुदान पुँजिगत	८००००००	
शसर्तअनुदान पुजिगत	२४३९०१०४		प्रदेश सरकार समपुरक अनुदान	२७७५८७९२	
विषेश अनुदान चालु	४९६३१८		प्रदेश सरकार समानीकरण अनुदान	३५८५१०३.०६	
समपुरक अनुदान पुँजिगत	८००००००		प्रदेश सरकार सशर्त अनुदान	१०६०३७७०	

			प्रदेश विषेश अनुदान	१४७३२११६	
प्रदेशसरकार अनुदान		८४६१६०००			
बितिय समानीकरण अनुदान	१५३८६०००		अन्तरसरकारी अख्तियारी- संघीय सरकार		१४०७९७६३७
सशर्त अनुदान चालु	२४२३००००		एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम [370001164]	२८१९०७५७.८४	
समपुरक अनुदान पुँजिगत	३०००००००		सामाजिक सुरक्षा तथा संरक्षण[३१४०१०१२३]	११२६०६८७९	
विषेश अनुदान चालु	१५००००००				
			विविध खर्चखाता /कोष- बैंक (ग २-७)		१०४४२६३१
खर्च घटेको दायित्व दाखिला बाँकि		२२५	अन्यसंस्थावाट प्राप्त अनुदान	१०४४२६३१	
दायित्व बाँकि	२२५				

			स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता-ग-७		६१०७४२०
अन्तरसरकारी अख्तियारी-संघियसरकार		१४०७९७६३७	प्रकोप व्यबस्थापन कोष खातामा खर्च	६१०७४२०	
एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम [370001164]	२८१९०७५७.८४				
सामाजिक सुरक्षा तथा संरक्षण[३१४०१०१२३]	११२६०६८७९		धरौटीफिर्ता		४४९७०३५
			बिभिन्न व्यक्ति/फर्म/संस्थाको धरौटी फिर्ता	४४२०८८५	
विविध खर्चखाता /कोष-बैंक (ग २-७)		१३४६५२७९.८२	सदरस्याहा	७६१५०	
अन्यसंस्थावाट प्राप्त अनुदान	१३४६५२७९.८२		स्थानिय तह विविध कोष खाता		५०००००
			विविध कोष खाता	५०००००	

			अन्तिममौज्जात (बचत रकम)		१०८५९२९०५.४
धरौटी आय			दायित्व बाँकि	२२५	
बिभिन्न व्यक्ति/फर्म/संस्थाबाट	१०९७४४२९.२५		संचित कोषखाता	७८४४८४७३.५४	
			धरौटीखाता	२००२९९७८.२५	
स्थानिय तह विविध कोष खाता		३००००००	प्रकोप व्यबस्थापन कोष खाता ग ७ समुह	४४५७५८०	
विविध कोष खाता	३००००००		बिबिध खर्च खाता/कोष- बैंक (ग २-७)	३१५६६४८.६	
			स्थानिय तह विविध कोष खाता	२५०००००	
जम्मा आय रकम रू.		**१०१५२५५९७०**	**जम्मा व्यय रकम रू.**		**१०१५२५५९७०**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

४ **वित्तीय विश्लेषण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ-

४.१ **वित्तीय विवरणको यथार्थता -** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । गाउँपालिकाले सामाजिक सामाजिक सुरक्षाको रू ११२६०६८७९.०० र एकिकृत स्वाथ्य स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रू २८१९०७५७.८४ समेत गरी रू १४०७९७६३७.०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४.२ **फरक हिसाब -** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा गाउँपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रू (१४३७९७८६१.९९), यस वर्षको भुक्तानी रू. (१४१२९७८६१.९६) र बैङ्क मौज्दात रू २२७८७१२८.६ फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	२६५०५९७१०.५३	६०६३९८३९७.०५	७६५३६५२०२.१९	१३१३८००३३.९९
एकीकृत आर्थिक विवरणअनुसार	२६५०५९७१०.५३	७५०१९६२५९.०४	९०६६६३०६४.१५	१०८५९२९०५.३९
फरक रू	0	(१४३७९७८६१.९९)	(१४१२९७८६१.९६)	२२७८७१२८.६

लेखापरीणका क्रममा वित्तिय प्रतिवेदन र लेखांकनमा फरक रहेको कारण स्थानिय तहले पेश गरेको आय/व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिम वित्तिय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्यायको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

४.३ **फरक जिम्मेवारी -** गाउँपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । गाउँपालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू २५९२५७८३६.९७ मौज्दात रहेकोमा यो वर्ष रू २६५०५९७१०.५३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू ५८०१८७३.५६ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

४.४ **कर दायित्व -** गाउँपालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रू २२५.०० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रू

असुल गर्नुपर्ने	२२५

४.५ **आय व्यय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस गाउँपालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न गाउँपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।

सैद्धान्तिक बेरूजु

४.६ **गतवर्षको मौज्दात -** आ.ब. ०७८/७९ को महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा गत वर्षको मौज्दात रू २५९२५७८३६.९७ देखाएता पनि गाउँपालिकाको गत वर्षको निम्नानुसार खाताको मौज्दात लेखापरीक्षणको क्रममा भिडान गर्दा वास्तविक मौज्दात बैंक अनुसार रू २६५०५९७१०.५० देखिन्छ ।

क्र.सं.	**खाता**	**मौज्दात रकम**
१	संचित कोषखाता	२४०८०८१२६.५
२	धरौटीखाता	१३५५२५८४.०
३	प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह	१०५०००००.०
४	विविध खर्च खाता /कोष- बैंक (ग २-७)	१९९०००.००
	जम्मा रू	**२६५०५९७१०.५**

यस वर्षको मौज्दात - गाउँपालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा रू २५९२५७८३६.९७ मौज्दात देखाएता पनि गत बर्षको मौज्दात विवरण परीक्षण गर्दा रू २६५०५९७१०.५ देखिन्छ । यस वर्षको बित्तिय विवरणमा मौज्दात रू १००२९१०३१.६३ देखाएता पनि गाउँपालिकाको सवै आम्दानी, खर्च र मौज्दात परीक्षण गर्दा गत वर्षको मौज्दातमा फरक रू ५८०१८७३.५३ म.ले.प.फा.नं. २७२ मा स्थानिय तह विविध कोष खाताको आम्दानी खर्च मौज्दात समावेश भएको देखिदैन । सो खाताको मौज्दात रू २५०००००.०० समेत म.ले.प.फा.नं. २७२ मा देखिदैन यो समेत गाउँपालिकाको बास्तविक मौज्दात रू १०८५९२९०५.१६ देखिन्छ । संघिय तथा

प्रदेश संचितकोषमा फिर्ता गर्न वाँकी रू २५९३५७५४.५५ देखिन्छ । सो रकम फिर्ता गरेपश्चात गाउँपालिकाको बास्तविक मौज्दात रू ८२६५७१५०.६१ हुन जान्छ ।

सैद्धान्तिक बेरूजु

४.७ **मौज्दात फरक -** गत वर्ष ०७८/७९ को मौज्दात यकिन गर्दा निम्न ३ वटा कोष खाताको कोषको मौज्दात विवरण (रिर्पोट१८) र म.ले.प.फा.नं २७२ को अनुसूचि १५ को कोषको मौज्दात विवरण एउटै हुनु पर्नेमा फरक फरक मौज्दात देखियो । एउटै कोष खातामा यसरी फरक फरक मौज्दात देखिदा वित्तिय विवरण यथार्थ छ भन्ने आधार देखिदैन । के कति कारणले परक हुन आएको हो कार्यलयबाट छान विन गरी वित्तिय विवरणलाई बिश्वसनिय बनाउनु पर्दछ ।

कोष खाता	**रिर्पोट १८ अनुसार शुरू मौज्दात**	**म.ले.प.फा.नं. २७२ को अनुसूची १५ अनुसार शुरू मौज्दात**	**फरक मौज्दात घटी/बढी**
ग-२.७ विविध खर्च खाता	१२०८१४५.१	११९०००.००	१००९१४.१
धरौटी खाता	११३७२६२९.००	१३५२५८४.००	(२१७९९५५.००)
प्रकोप व्यवस्थापन कोष खाता	२६३१०७१.१८	१०५०००००.००	(७८६८९२८.८२}

यस आर्थिक वर्ष ०७९/८० मा पनि निम्न कोष खातामा मौज्दात रकम फरक देखिएकोमा छान विन गरी समयमा नै हिसाव मिलान गरी वित्तिय विवरणलाई यथार्थपरक बनाउनु पर्दछ ।

कोष खाता	**रिर्पोट १८ अनुसार शुरू मौज्दात**	**म.ले.प.फा.नं. २७२ को अनुसूची १५ अनुसार शुरू मौज्दात**	**फरक मौज्दात घटी/बढी**
ग ५.१ स्थानिय तह विविध कोष खाता	२५०००००.००	0	२५०००००.००
प्रकोप व्यवस्थापन कोष खाता	४०२३६५१.१८	४४५७५८०.००	(४३३९२८.८२}

सैद्धान्तिक बेरूजु

४.८ **बित्तिय विवरण यथार्थ नदेखिएको -** म.ले.प.फा.नं. २७५ मा समावेश हुने खर्चको विवरण अनुसार म.ले.प.फा.नं. २७५ को वित्तिय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भूक्तानी हिसाव यथार्थ हुनु पर्दछ । म.ले.प.फा.नं. २७५ मा भएको खर्चको विवरण म.ले.प.फा.नं. २७५ को वित्तय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भुक्तानीका निम्न खर्च शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

खर्च शिर्षक	म.ले.प.फा.नं.२७२ र २७५	म.ले.प.फा.नं. २७५ मा श्रोत गत भएको	फरक
२५३११ शैक्षिक संस्थाहरूलाई सहायता	२५४२१३८२.००	१२७६७६४४.००	१२६५३७३८.००
३११५१ सडक तथा पूल निर्माण	१४९८०१४५६.००	११४०४२३६६४.००	३५७५८७९२.००
३११५६ खानेपानी संरचना निर्माण	५४२४३३३.००	४१३०८०४.००	१२९३५२९.००

जसले गर्दा म.ले.प.फा.नं. २७२ मा देखिने मौज्दात रकम पनि फरक पर्ने हुँदा सम्वन्धित निकायले पेश गरेको विवरण यथार्थ देखिएन । साथै संचित कोषको बैंक नगदी किताव, श्रोत समावेश भएको आर्थिक विवरण (म.ले.प.फा.नं. २१४) र खर्च शिर्षक अनुसार गोश्वारा भौचर (म.ले.प.फा.नं. २०३) परीक्षण गर्दा म.ले.प.फा.नं. २७५ र म.ले.प.फा.नं. २७२ सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन। यसबाट गाउँपालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

सैद्धान्तिक बेरूजु

४.९ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार गाउँपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । गाउँपालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ-

खाता	**स्रेस्ताअनुसार मौज्दात रू.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू.**	**फरक रू.**
स्थानीय तह सञ्चित कोष खाता	७८४४८६९८.५४	७८३७४६४८.५४	७४०५०
विविध खर्च खाता	३१५६६४८.६	३१५६६४८.६	०
प्रकोप व्यवस्थापन खाता	४४५७५८०.००	४०२३६५१.१८	४३३९२८.८२
धरौटी	२००२९९७८.२५	२००२९९७८.२५	0
जम्मा रू			५०७९७८.८२

गाउँपालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५ **खर्च बिश्लेषण -** गाउँपालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू २७२१४२६६.०० राजस्व बाँडफाँड र अनुदानबाट रू ५८१९५८६८८.२० समेत रू ६०९१७२९५४.२० आम्दानी भएकोमा चालु तर्फ रू४१४६११११९८.३९ र पूँजिगत तर्फ रू ३२९७०७१४२.८ र वित्तीय ब्यबस्था तर्फ रू २१०४६८८६१.०० समेत रू ७६५३६५२०२.१९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.५६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू ७७२७९४१.०० खर्च भएको छ जुन आन्तरिक आयको २८.४० प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.९८ प्रतिशत चालु र ५४.८६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालन मा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

६ **सःशर्त अनुदान -**

.... (प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको भौचर पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू २५९३५७५४.५५ सम्परीक्षण गरिएको ।)

७ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाको उपाध्यक्ष श्री केदारनाथ खतिवडाले मिति २०७९/०३/०९ मा रू. ८४ करोड ९२ लाख २७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९/०३/०९ मा पारित भएको छ । यसैगरी गाउँपालिकाको अध्यक्षले मिति २०७९/०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

८ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन-

• गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउँपालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• गाउँपालिकाले उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।

• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। साथै ठेक्का फाइल समेत अद्याबधिक देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।

• गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरूजुको लगत तयार गरेको पाईएन ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम तयार गरी गाउँपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति सम्बन्धि विवरणमा कुल दरबन्दी संख्या ६४ रहेकोमा स्थायी ५२ करार ५८, ज्यालादारी ४ कार्यक्रम तर्फ १२ जना गरी जम्मा १२६ जना कर्मचारीहरू कार्यरत रहेको देखिन्छ । गाउँपालिकाले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत गराएको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन, २०७६ अनुसार विभिन्न प्राविधिक ४२ पद र प्रशासनिक पद २२ गरी जम्मा ६४ पदहरूको प्रस्ताव गरिएको छ । उक्त प्रतिवेदन भन्दा गाउँपालिकाको पदपूर्तिको अवस्था बढी देखिन्छ । दरबन्दी भन्दा बढी संख्या कर्मचारी पदपूर्ति गरिदा गाउँपालिकालाई आर्थिक भार पर्न गएकाले यस सम्बन्धमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरूजु

१० **वार्षिक खरिद योजना/गुरूयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ३२९७०७१४२.८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क स	**क्षेत्रगत बजेट**	**बजेट**	**खर्च रकम**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	५१२६६०००.००	४०५७३६०३.७६	७९.१४
२	सामाजिक विकास	१९४५३००००.००	१६३३०३७०९.५४	८३.९३

३	पूर्वाधार विकास	३४३७३५१९०.११	२७६९८६५७९.९६	८०.५८
४	सुशासन विकास	७४१४०५२०.००	३०३१०३४५.००	४०.८८
५	कार्यालय संचालन तथा प्रशासनिक	२७५३३५८८६.४२	२३३१४४१०२.९३	८४.६८
जम्मा रू		९३९००७५९६.५३	७४४३१८३४१.१९	७९.२६

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ८४.६८ प्रतशित र सुशासन वकिासमा सबै भन्दा घटीमा ४०.८८ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरूजु

१२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१४ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक,

रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा निम्नअनुसार वडागत र गाउँपालिकास्तरका कुल २६० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाखमाथिका योजना सङ्ख्या**	**रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाखभन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	१३	८	३	२
२.	वडास्तरीय	२४७	२१	६२	१६४

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २४९ योजनामात्र कार्यान्वयन भई ११ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१५ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट	**कुल खर्च**	**त्रैमासिक खर्च (रू.हजारमा)**				**आषाढ महिनाको मात्र खर्च**
		प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेस्रे त्रैमासिक**	**चौथो त्रैमासिक**	
३२९७०७१४२.८०	३२९७०७१४२.८०	१०२५२९२८.०२	३३०८५२७५.००	११२५९४१०४.८४	१७३७७४८३४.९४	१००५२५९२०.८२
खर्च प्रतिशत	८२.१०	२.५५	८.२३	२८.०३	४३.२७	२५.०३

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू. ३२९७०७१४२.८० निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. १०२५२९२८.०२ (२.५५ प्रतिशत), दोस्रो त्रैमासिकमा रू. ३३०८५२७५.०० (८.२३ प्रतिशत) र तेस्रो त्रैमासिकमा रू ११२५९४१०४.८४ (२८.०३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू १००५२५९२०.८२ (२५.०३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१६ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावलि र ३८ वटा कार्यविधि मापदण्ड निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै गाउँपालिकाले ५३ वटा कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको छ ।

सैद्धान्तिक बेरूजु

१७ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १४ र यो बर्ष थप भएको ३ गरी कुल १७ विवाद दर्ता भएकोमा १० वटा मात्र फस्यौंट भई ७ बाँकी देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरूजु

१९ **सेवा प्रवाह** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउन गाउँपालिकाले पर्याप्त ध्यान दिनुपर्दछ । गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

क.स	विवरण	संख्या
१	नागरिकता सिफरिस	९१२

२	घरबाटो सिफारिस	५८६
३	नाता प्रमाणित	५३६
४	जन्म दर्ता	७२६
५	मृत्यु दर्ता	२६८
६	घरनक्सा पासको निवेदन	५ (अभिलेखिकरण २५)
७	अन्य	६४३९

सैद्धान्तिक बेरूजु

२० **PAMS को प्रयोग -** महालेखा नियन्त्रक कार्यालयले २०७७/०८/०७ मा २०७७/०९/०७ भित्र सबै तहका कार्यालयहरूलाइ २०७६/७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छ -

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइए न। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रूपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

२१ **जिन्सी निरीक्षण प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा गाउँपालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार सम्पूर्ण जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

२२ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्योँट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । गाउँपालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योँट नभई रू. १,२७,८०,०००.०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रू. २,००,०००.०० फस्योँट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्योँट गर्नुपर्ने रू.

SN	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	जम्मा बाँकी पेश्की		
					म्याद ननाघेको	म्याद नाघेको	जम्मा
	ठेकेदार						
१	०४/०१/२०७९	२	बैरनी स्वास्थ्य चौकीलाई २५ शैया अस्पतालमा रूपान्तरण	मिलेनियम/कल्पवृक्ष जे.भी.	६५,००,०००	०	६५,००,०००
२	०४/०१/२०७९	८२	गुसेश्वर पर्यटकीय प्रवर्द्वन	हिम्डुङ एण्ड थोकर। दिव्य ज्योती।नाना जे.भी.	२०,५०,०००	०	२०,५०,०००
३	०६/१३/२०७९	१३	महेशफाँट सिंचाई आयोजना साझेदारी	एस.एस. इञ्जिनियरिङ्ग कन्ट्रक्सन	४,८०,०००	०	४,८०,०००
जम्मा					**९०,३०,०००**	**०**	**९०,३०,०००**
	संस्थागत						
१	०४/०१/२०७९	८२	गुसेश्वर पर्यटकीय प्रवर्द्वन	हिमडुङ एण्ड थोकर - दिब्य ज्योति-नाना जोइन्ट भेन्चर	३५,५०,०००	०	३५,५०,०००
जम्मा					**३५,५०,०००**	**०**	**३५,५०,०००**
	व्यक्तिगत						
१	०६/१३/२०७९	६०	कोभिड १९ विरूद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालन ब्यवस्थापन खर्च (गाउँपालिकास्तरिय योजना र गाउँपालिका तथा स्वास्थ्य सस्था स्तरिय सुपरिवेक्षण)	शिव प्रसाद पौडेल	०	२,००,०००	२,००,०००
जम्मा					**०**	**२,००,०००**	**२,००,०००**
कुल जम्मा					**१२५८००००**	**२,००,०००**	**१,२७,८०,०००**

पेश्की	२,००,०००

२३ **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु-याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरूजु

२४ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी गाउँपालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

२५ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर	४००००००.००	३५०००००.००	८७.५
घरजग्गा कर	४००००००.००	००	००
घरजग्गा वहाल कर	२००००००.००	१५०००००.००	७५
व्यवसाय कर	००	००	००
वहाल विरौटी शुल्क	००	००	००

गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

२६ **कर नियन्त्रण –**

व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर सङ्कलन गरेको छैन । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ गाउँपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

मनोरन्जन कर - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

घर जग्गा बहाल कर - गाउँपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू २००००.०० कर संकलन गरेको छ। गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

विज्ञापनकर - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन । जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन । तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरूजु

२७ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय/व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू २२६३२३३६६.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९/८० मा रू १३८७४१२६६.२ अर्थात अनुमान भन्दा ३८.७ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरूजु

२८ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३९४४२०८६६.०१	२७२१४२६६.००	६.८९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.८९ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

२९ **आयोगको परामर्श -** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । तर यस वर्ष गाउँपालिकाले कुनै पनि पदमा परामर्श लिएको पाइएन ।

सैद्धान्तिक बेरूजु

३० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरणअनुसार गाउँपालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन् । गाउँपालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी गाउँपालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस गाउँपालिका अन्तर्गत रहेका सहकारी संस्थाको अवस्था निम्नानुसार देखिन्छ ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या	शेयर पूँजी रू	बचत रू	ऋण लगानी	जगेडा कोष

कृषि सहकारी –	१६	५२५३	५२४२७७००.००	११८८२७४५४	४७९७२९४८५	७०९९०९२१
बचत तथा ऋण	१	८०७	५२२७४००	२८०१०१७१	१४१९५९५४	३०५६९९०२
बहुउद्देश्य	२	0	0	0	0	0

सैद्धान्तिक बेरूजु

३१ **शिर्षकगत अभिलेख -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा बाँकी रहेको लगायतका कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्न पर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष संघिय सशर्त अनुदान शिर्षकमा कुल विनियोजित रकमको शिर्षकगत अभिलेख नराखी, स्वास्थ्या, शिक्षा, महिला, कृषि, पशु र वन तथा वातावरणको एकमुष्ठ अभिलेख राख्नाले विनियोजन अनुसार निकासा भयो कि भएन भनि एकिन गर्ने आधार छैन । वर्षान्तमा संघिय सशर्त तर्फ निकासा भएको मध्ये कुन शिर्षकको के कति रकम फिर्ता भयो एकिन गर्न सकिएन । शिर्षकगत अभिलेख राखी स्रेस्ता ब्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

३२ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । गाउँपालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी स्यानीटरी प्याड खरिदको रू. ७८१२५०.०० भुक्तानी दिएको छ । तसर्थ यस्तो भुक्तानी नियमसँगत नदेखिएको रू.

अनियमित भएको	७,८१,२५०

३३ **निशुल्क पाठ्यपुस्तक अनुदान** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार सार्वजनिक विद्यालयका विद्यार्थिहरूका लागी निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रममा स्थानीय तह अन्तरगत सञ्चालित विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिहरूलाई IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २५% दिने व्यवस्था छ जस अनुसार यस आर्थिक वर्षमा रू २४८३०६०।०० खर्च भुक्तानी देखिन्छ । तर गाउँपालिकाले शैक्षिक सत्रको सुरूवातमै विद्यार्थीले पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गरेको पाइएन यस कुरालाई गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

३४ **प्रमाण नभएको** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान

दिनसक्ने व्यवस्था छ ।गाउँपालिकाले श्री बागेश्वरी मा .वि .लाई रू १७६००००.०० भुक्तानी दिएको देखियो । जसमा प्रति विद्यार्थी लागतका आधारमा रू १५६०००.०० विद्यार्थीलाई बुझाएको भरपाई र विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च मा LAB सामाग्री खरिदको लागि रू २०००००.०० गरि जम्मा रू १७६००००.०० भुक्तानी दिएको तर सोहि प्रयोजनको खर्चको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	१७,६०,०००

३५ **शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम -** केन्द्रबाटै छनौट गरिएको नमुना विद्यालयलाई शैक्षिक सुधार कार्यक्रमको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० को क्रियाकलाप नं ९.१२ मा उल्लेख भएको प्रक्रिया अनुसार गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले श्री बागेश्वरी मा.वि लाई भौचर नं २२७ बाट मिति २०८०/०३/२२ मा ५० लाख र भौचर नं २३८ बाट मिति २०८०/०३/२३ मा २ लाख गरि ५२०००००.०० भुक्तानी दिएको छ । तर उक्त विद्यालयले कुन प्रयोजनमा खर्च भयो त्यसको कार्यसम्पन्न पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रू -

प्रमाण पेश नगरेको	५२,००,०००

३६ **शिक्षक दरबन्दि र पदपूर्ती -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

विद्यालय संङ्या	स्वीकृत दरबन्दी	पदपूर्ती	पदपूर्ती मध्ये करार	रिक्त	विद्यार्थी संङ्या
३५	१७५	१७८	८८	०	४३९५

गाउँपालिका अन्तर्गत ३५ विद्यालयमा १७८ दरबन्दि रहेकोमा १७८ नै पदपूर्ती रहेको र पदपूर्ती मध्ये ८८ जना करार /राहत शिक्षक रहेको देखिन्छ । ३५ विद्यालयमा जम्मा विद्यार्थी संख्या ४३९० रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरू सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३७ **लागत सहभागिता -** गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन मा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्गत ८ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ५४ जनालाई औसत १०० दिनले १०० दिन रोजगारी उपलव्ध गराई रू ३५९९०००.०० श्रमिक ज्याला खर्च गरेको छ । गाउँपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३९ **बाखा तथा पाठा पाठी वितरण -** गाउँपालिकाले लागत साझेदारीमा बाखा तथा पाठापाठी प्रवर्द्धन तथा मासू आत्मनिर्भरताको लागि विभिन्न कृषक समूह सहकारीलाई अनुदान उपलव्ध गराएकोमा पटके निर्णयका आधारमा वितरण गरेको छ । खरिदको लागत अनुमान, स्पेशिफिकेशन नवनाउँदा खरिद मुल्य पटकै पिच्छे फरक रहेकोले खरीद मितव्ययी छ भन्न सकिने आधार छैन । लागत अनुमान र स्पेशिफिकेशन नवनाउँदा कति तौल, कति महिना, कति किलो र कुन जात कुनै विवरण नखुलेको हुँदा खरीद गरीएका वस्तु यथार्थ नै छ भन्ने आधार देखिदैन । वितरण गरिएका बाखा तथा पाठापाठीको स्वास्थ्यका वारेमा पशु चिकित्सकबाट प्रमाणित गराई वितरण गर्नु गराउनु पर्नेमा सो गरेको छैन । खरीद गरीएका बाखा तथा पाठापाठीको बिमा पनि गरीएको छैन । विगतमा यस्तै सर्तमा कति कृषकलाई कति बाखा तथा पाठापाठी वितरण गरिएको थियो यसको कुनै विवरण अद्यावधिक छैन । जसले गर्दा दोहोरो परे नपरेको यकिन हुन सकेन । यस्तै प्रकारको अनुदान प्रदेश सकरकारबाट पनि वितरण गर्ने गरेकोले दोहोरो पर्न जाने पनि देखिन्छ । तसर्थ नियमित अनुगमन गरी वितरण भएका कृषकलाई कार्ययोजना तयार गरी अभिलेखिकरण गरी दोहोरो नपर्ने गरी अनुदान दिने गर्नु पर्ने देखिन्छ । कृषक छनौटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई उक्त संस्था तथा कृषक छनौट भए सो खुल्ने आधार केही देखिदैन । वडाबाट खरिद भई सामाग्रीहरू हस्तान्तरण भएको र व्यक्ति तथा संस्था तोकी वडाबाट भुक्तानीको लागि सिफारीस भएको पाइयो । निश्चित कानूनी आधार वेगर छनौटका आधार वेगर अनुदान दिएको उपयूक्त देखिएन । यस्ता वितरण प्रक्रियालाई गाउँपालिकाबाट व्यवस्थित गरी अनुदान दिने व्यवस्था गर्नु पर्दछ । यस वर्ष सो कार्यक्रममा रू २९८७०००.०० अनुदान दिएको देखिन्छ ।

सैद्धान्तिक बेरूजु

४० **स्यानीटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा गाउँपालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ । गाउँपालिकाले २७०० प्याकेट स्यानिटरी प्याड रू ११६०००.०० मा खरिद गरेको छ । गाउँपालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा २७०० प्याकेट नै राखेको

देखिन्छ । खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रूपमा राखेको पाइएन । तसर्थ गाउँपालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४१ **फरक शिर्षकपारी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ । गाउँपालिकाले विविध खर्च शिर्षक नं २२७११ बाट विभिन्न मितिमा गो. भौ. नं. ८, ९, १३, ३०, ३५ बाट रू. ३,१७,३५०.०० रकम दैनिक भ्रमण खर्चमा, खाद्यान्न खर्च शिर्षक नं २११२२ बाट रू. ३८,९०,६८१.०० रकम कर्मचारी प्रोत्साहन भत्तामा निर्णयविना खर्च लेखि दुवै खर्च शिर्षकबाट रू ४२,०८,०३१.०० खर्च लेखेको छ । निर्णय विना खर्च लेखिएको कर्मचारी प्रोत्साहन भत्तामा नियमसँगत नदेखिएको रू

अनियमित भएको	४२,०८,०३१

४२ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष साना किसान कृषि सहकारी संस्था नाफामूलक संस्थालाई एक वडा एक उत्पादन अन्तर्गत सोझै छनौट गरि रू. १०,००,०००.०० अनुदान दिएको देखियो । गाउँपालिकाले नियमको पालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

४३ **वार्षिक मर्मत सम्झौता** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ । यस गाउँपालिकाले प्रतिक कम्प्युटर ट्रेनिङ सेन्टर सँग २०७९ कार्तिक मा कम्प्युटर तथा कार्यालयका विद्युत्तिय सामान मर्मतका लागि मासिक रू. २००००.०० (VAT बाहेक) ले भुक्तानी दिने गरि बार्षिक मर्मत सम्झौता गरि रू २०३४००.०० रकम भुक्तानी गरेको देखिन्छ । लेखापरीक्षणका क्रममा नमुना छनौट गरि हेर्दा गौ भौ. नं. ९३९ मिति २०८०/३/२४ मा कम्प्युटर क्यामेरा नेटवर्क मर्मत भनि सनराईज इन्टरनेश्ल आइटी लाई रू ६९२३०.०० को मर्मत खर्च भुक्तानी, गो. भौ. नं. ९३१ मिति २०८०/०३/२४ बाट कम्प्युटर मर्मतका लागि रू. ६६१०५.०० सोहि भौचर नं. बाट इ मेसिन सप्लायर्सलाई रू,२३०५२.०० भुक्तानी गरेको देखिन्छ । बार्षिक मर्मत सम्झौता गरेको प्रतिक कम्प्युटर ट्रेनिङ सेन्टर सँग मर्मत सम्झौता भएता पनि अन्य फर्मसँग मर्मत सम्भारमा खर्च गरेको देखिएको तथा सम्झौता अनुसार मर्मत गरेको अभिलेख राखेको नदेखिएकोले नियमसँगत नदेखिएको रू ....

अनियमित भएको	२,०३,४००

४४ **बागेश्वरी मा वि लाई अनुदान**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ । गाउँपालिकाले बागेश्वरी मा. वि. मा बस सञ्चालन तथा फूलबारी निर्माणमा रू ५५००००.०० रकम सम्बन्धित निर्णय सम्झौता तथा कायदिश विना खर्च लेखेको छ । सम्झौता तथा कार्यदिश विना खर्च लेखेकोले सो को प्रमाण पेश गर्नु पर्ने रू............

प्रमाण पेश नगरेको	५,५०,०००

४५ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत गाउँपालिकाका कर्मचारीको रू. २,६२,३६,६८४.०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

४६ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । यस गाउँपालिकाले गल्छी गाउँपालिकाको कर्मचारीका लागि प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९ बनाई सोहि कार्यविधिको मापदण्ड १,२ र ३ बमोजिम अंक गणना तथा मापन भएको देखिएन । कार्यपालिकाले बनाएको मापदण्ड पालना नगरी यस वर्ष रू. ४३,४९,९८६.०० प्रोत्साहन भत्ता भत्ता वितरण हुँदा गाउँपालिकाको व्यायभार बढ्न गई आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको देखियो । प्रोत्साहन भत्ता खर्च गर्दा आन्तरिक आयसमेतलाई विचार गरि कार्यविधिको पालना हुनु पर्दछ।

सैद्धान्तिक बेरूजु

४७ **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले निम्नानुसार ६ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ ।

लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरूको फरर्वड फिड र रिभर्स फिडका सम्बन्धमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकम, वितरण भएको तथा फिर्ता रकम निम्नानुसार देखियो -

क्र. सं.	वैंकको नाम	निकाशा	वितरण रकम	फिर्ता भएको
१	NIC Asia बैंक गल्छी	१२९२३४८५	१२९२३४८५	५२३०२
२	नबिल बैंक गल्छी	११५८५०९२	११५८५०९१	४७८८०
३	NMB वैंक गल्छी	१४४३८१३०	१४४३८१३०	४०६८६
४	GlobalIME वैंक बैरेनी	२५९४२४४५	२५९४२४४५	८६६७२
५	मुक्तिनाथ वि. बैंक आदमघाट	१२२८६३०९	१२२८६३०९	१७२६३
६	मुक्तिनाथ वि. बैंक गल्छी	३५७७८२०१	३५७९१७९७	८८०३१
	जम्मा	११२९५३६६२	११२९६७२५७	३३२८३४

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् -

- यस वर्ष कोलेनिका बाट रू ११२६०६८७९.०० निकासा भएकोमा गाउँपालिकाले वैंक मार्फत रू ११,२९,६७,२५७.०० वितरण भएको रिभर्ष फिड भन्दा रू ३,६०,३७८.०० बढी वितरण भएको देखियो । यस आर्थिक वर्षमा वैंकहरूबाट रू ३,३२,८३४.०० रकम फिर्ता भएको देखियो। गाउँपालिकाले निकासा भन्दा बढी वितरण भएको रकम एकिन गरि प्रमाण पेश गर्नु पर्ने रू
- सामाजिक सुरक्षा भत्ता आर्थिक वर्ष भित्र विभिन्न कारणले लगत कट्टा गरि सम्बन्धित लाभग्राहिको खातामा भएको रकम सम्बन्धितलाई वा मृत्यु भएर लागत कट्टा भएमा लाभग्राहि वा हकवाला मार्फत पाउने रकम भुक्तानि गरि बाकि रकम संघिय संचित कोषमा नियमित रूपमा फिर्ता गर्नु पर्ने कार्यविधिमा व्यवस्था छ । साथै एक आर्थिक वर्ष भित्र सम्ममा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरि त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानिय तहले छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित वैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्दछ भनि व्यवस्था छ । यस बर्षमा गाउँपालिकाले रकम रू ३,३२,८३४.०० फिर्ता गरेको कागजात पेश गरेको देखिन्छ । यस गाउँपालिकाले फिर्ता गरेको रकम उल्लेखित व्यवस्था बमोजिम वैंकबाट फिर्ता गरेको विवरणमा के कती कारण बाट भएको हो सो अभिलेख राखेको देखिएन । सो विवरण तयार गरि रकम के कति फिर्ता भयो र बाकि के कति छ भन्ने सम्बन्धमा यकिन गरि फिर्ता गर्न बाकि भए यथासिघ्र दाखिला गर्नु पर्दछ।

प्रमाण पेश नगरेको	३,६०,३७८

४८ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र

सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी गाउँपालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

४९ **उपभोक्ता समिति -** गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका २६० योजना मध्ये ७५ योजनाको लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि २०७५ अनुसार थप सुधार गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरूजु

५० **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५१ **अनुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र कार्यालयले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकोले देहायअनुसारको रकम असूल हुनुपर्ने रू.

ब.उ.शि.नं.	**पँजिगत**						
गो.भौ.नं./मिति	**उपभोक्ता समिति र काम**	**सम्झौता रकम**	**कार्य सम्पन्न रकम**	**कार्यलयले व्यहोर्ने रकम**	**भुक्तानी भएको रकम**	**भुक्तानी हुनु पर्ने रकम**	घटी अनुपातिक कट्टी रकम
३५१-०८०/०३/२२	वडा नं. ५ कार्यालय तथा कम्पाउण्ड वाल उपभोक्ता समिति	२१५६७६४.९५	२००३५०१.८६	१९४००००.००	२००००००.००	१८०२१४०.००	१९७८५९.४३
३४०-०८०/०३/२०	आमडाँडा खानेपानी एक घर एक धारा निर्माण उपभोक्ता समिति	१००४८५६.६५	१००७०९१.३	८७३०००.००	९०००००.००	८७३०००.००	२७०००.००
२०९-०८०/०१/१५	असारे गुम्वा निर्माण उपभोक्ता समिति	५५८०७४.६४	५४५८५९.९२	४८५०००.००	४८५०००.००	४७४३८४.६८	१०६१५.६२
१६०-०७९/१२/१४	आलेकुलोबाट ठाँटी चौर आ.वी. सम्म सिंढी बाटो निर्माण उपभोक्ता समिति	२२२९७७.९६	२१४२७५.६७	१९४०००.००	१९१५८४.००	१८६४२८.६५	५१५५.३५
१०६-०७९/१०/२७	केउरेनीलटार गंरजाटोल छोटेटार सडक निर्माण उपभोक्ता समिति	१६७४३१.८६	१६५११९.२	१४५५००.००	१५००००.००	१४३४९०.२७	६५०९.७३
१०२-०७९/१०/२३	गंरजाटोल सामुदायिक भवन तथा खसी बोका संकलन केन्द्र निर्माण सुधार केउरेनीटार उपभोक्ता समिति	३३३५७१.२३	२८७६०६.६६	२९१०००.००	२५७८५८.००	२५०९०१.५५	६९५६.४५
८६-०७९/१०/०६	कोल्पु खोला रातामाटे सडक निर्माण उपभोक्ता समिति	२८०७३१.६६	२६८०४५.६१	२४२५००.००	२४२५००.००	२३१५४१.६	१०९५८.३९
जम्मा रू							२६५०५४.९७
						असुल गर्नुपर्ने	२,६५,०५४.९७

५२ **कन्टिन्जेन्सी खर्च -** यस गाउँपालिकाले हरेक योजनामा ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति काटीयो भन्ने यकिन हुन सकेन । कन्टेन्जेन्सीको समेत खाता नराखेको कारण कति काटियो र कति खर्च गरीयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पष्ट हुने गरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रूपमा खर्च गरेको पाइयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

५३ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर गाउँपालिकाले सबै विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

सैद्धान्तिक बेरूजु

५४ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । गाउँपालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक पुल निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३.२६ देखि ५२.०२ प्रतिशत सम्म घटीमा कबोल तथा सम्झौता भएको पाइयो । स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ -

क्र.सं.	**ठेक्का नं.**	**योजना**	**लागत अनुमान**	**सम्झौता रकम**	**घटी प्रतिशत**
१	२।२०७९।८०	वाल कुमारी आ वि भौतिक निर्माण	१५०५२६८२	७२२०९१४	५२.०२

२	३।२०७९।८०	आदम खोला पखरी गाँउ सुन्दर बजार सडक	२९९४५११९	२३७६६२६८	२०.६३
३	४।२०७९।८०	ड्युनी पोखरी फुस्रो माटो वारभञ्ज्याङ सडक	२९९९८३९७	२९०२०३८३	३.२६
४	५।२०७९।८०	आदम खोला कोशी खोला रननीतिक सडक	२५०१९१६७	२१०३१५३८	१५.९९
५	६।२०७९।८०	अर्चले वारभञ्ज्याङ सडक	२९९९५०८६	२२०८३८६५	२६.१७
६	९।२०७९।८०	गा पा प्रमुख प्रशासकीय भवन	१७८२७३०७६	१०६७४६०२८	४०.१२

सैद्धान्तिक बेरूजु

५५ **एज विल्ट नक्सा पेश नगरेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ बमोजिम कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिम (एज विल्ट) नक्सा कार्यालयमा पेश गर्नु पर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्पन्न निर्माण कार्यको एजविल्ट नक्सा पेश गरेको देखिएन ।नियममा भएको व्यवस्था पालना हुनु पर्दछ।

सैद्धान्तिक बेरूजु

५६ **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा लागत अनुमान तयार गरी ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नु पर्ने उल्लेख छ। गाउँपालिकाले ठेक्का सम्झौता निम्नानुसार गरेको देखिएकोले लागत अनुमान तयार गर्ने र बोलपत्र स्वीकृत गर्ने काम नियमावलीमा उल्लेख भए जस्तो प्रथम चौमासिक अवधिमा सम्पन्न गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था पालना हुनु पर्दछ।

क्र. सं	**ठेक्का नं**	**योजना**	**सम्झौता रकम**	**सम्झौता मिति**
१	२-२०७९/८०	वाल कुमारी आ वि भौतिक निर्माण	७२२०९१४	२०७९/०८/२१
२	३-२०७९/८०	आदम खोला पखरी गाँउ सुन्दर बजार सडक	२३७६६२६८	२०७९/०८/१९
३	४-२०७९/८०	ड्युनी पोखरी फुस्रो माटो वारभञ्ज्याङ सडक	२९०२०३८३	२०७९/०८/१३

४	५-२०७९/८०	आदम खोला कोशी खोला रननीतिक सडक	२१०३१५३८	२०७९/०८/१८
५	६-२०७९/८०	अर्चले वारभञ्ज्याङ सडक	२२०८३८६५	२०७९/११/२०
६	९-२०७९/८०	गा पा प्रमुख प्रशासकीय भवन	१०६७४६०२८	२०८०/०४/२८
७	८-२०७९/८०	ल्याण्डफिल साइट निर्माण	८२३८७९५	२०८०/०३/०७

सैद्धान्तिक बेरूजु

५७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस गाउँपालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५८ **विद्यूत महशूलमा जरिवाना -** तिर्नु बुझाउनु पर्ने महशुल शुल्क समयमै बुझाउनु पर्दछ । गाउँपालिकाले डिप वोरिङ तथा लिफ्ट खानेपानीको विल समयमा नबुझाउँदा देहाय अनुसार जरिवानामा परी बढी व्ययभार पारेको छ । महशुल समयमै बुझाउन ध्यान दिनु पर्ने देखिन्छ ।

गो भौ र मिति	**विवरण**	**विल रकम**	**जरिवाना**
४५०।२०७९।११।२९	डिप वोरिङ तथा लिफ्ट खा पा वड नं १	१६५०८४	३२१२५
४१२।२०७९।११।८	डिप वोरिङ तथा लिफ्ट खा पा वड नं ६	५४४९८	१४७१३
चालु २४।०७९।५।२४	कार्यालयको विद्युत महशुल	१४४४९	१४४४९

सैद्धान्तिक बेरूजु

५९ **बढी भुक्तानी -**

.... *(प्रारम्भिक प्रतिवेदन उपर धुनीपोखरी फुस्रोमाटो वारभञ्ज्याङ सडक स्तरोन्नती कार्यको अन्तिम* विल बाट बढी भुक्तानी नभएको *प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रू ५००००.०० सम्परीक्षण गरिएको ।)*

६० **नन् फाईलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका बाट निम्न फर्महरूलाई मूल्य अभिवृद्धि सहितको विल भुक्तानी गरेको तर ती फर्मले कर विवरण नबुझाई २०७५ मंशिर देखि नन्फाईलर रहेको पाइयो । गाउँपालिकाले संवन्धित फर्मलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशत भुक्तानी गरेको छ । कानूनी व्यवस्था अनुसार फर्महरूले सम्बन्धित राजस्व कार्यालयमा नबुझाएको ७० प्रतिशत मूल्य अभिवृद्धि कर असूल हुनु पर्ने रू............

गो भौ र मिति	फर्म	विजक नं/ मिति	विल रकम	मू. अ कर	भुक्तानी भएको ७०% मू अ कर
१।२०७९।६।१३	मिलेनियम/कल्पवृक्ष जेभी	१।२०७९।६।११	१०६५३२८०	१३८४९२६	९६९४४८
१३।२०८०।३।२२	मिलेनियम/कल्पवृक्ष जेभी	४।२०८०।३।२२	१४०४४४४६	१८२५७७८	१२७८०४४
४६४।२०७९।११।२९	मिलेनियम/कल्पवृक्ष जेभी	३।२०७९।११।३०	८८२३७२५	११४७०८४	८०२९५९
जम्मा					३०५०४५१

असुल गर्नुपर्ने	३०,५०,४५१

६१ **बीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले रू २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले रू २० लाख माथी ठेक्काको विमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी विमा अवधि थप गर्ने गरेको देखिएन। सम्भावित जोखिम बहन गर्न ठेक्काको मर्मत अवधी कभर गर्नेगरी विमाको पनि म्याद गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

६२ सम्परीक्षणवाट बेरूजु कायम

६२ सम्परीक्षणवाट बेरूजु कायम - पालिकाले आर्थिक वर्ष ०७६/७७ को सम्परीक्षणको लागि मिति २०८१।०१।१३ को पत्रबाट दहत्तर बहत्तरको फाईल पेश भएको र सो फाइल परीक्षण गर्दा ठेक्काको सूचना नं ८ कवोल गरेको अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिने सकिने छ भनि उल्लेख भए बमोजिम सुदिपा ट्रेडिङ्ग कम्पनि प्रा. लि.ले रू ७७९९९९९९.९९ कवोल गरी रू ७८०००००.०० छुट लि रू ७०२०००००.०० एक मुष्ट रकम बुझाएको देखियो । नेपाल सरकारलाई बुझाउनु पर्ने १३ प्रतिशतले हुने रू ९१२६०००.०० मूल्य अभिबृद्धिकर बुझाएको देखिएन र विश्वव्यापी रूपमा कोभिड १९ को कारण ठेक्का अवधिमा नेपाल सरकारले देशभर लागू हुने गरी बन्दाबन्दी गरेको कारण मिति २०७६/१२/११ देखि मिति २०७७/०१/२५ गते सम्म ४५ दिन (विल नकाटीएको अवधि) राजस्व संकलन हुन नसकेको दिन वरावरको रकम रू ८६५४७९४.०० छुट दिने पाँचौ गाउँ सभाबाट निर्णय भएको र सुदिपा ट्रेडिङ्ग कम्पनि प्रा लिले छुट रकम भूक्तानी माग गरेकोले सो को आधारमा मिति २०७७/०५/१९ को निर्णयले खातामा जम्मा गरेको रकम चेक काटी रू ८६५४७९४/०० फिर्ता गरेको देखियो । यसरी नियम विपरीत फिर्ता गरेको रकम रू ८६५४७९४.०० र मू.अ.कर रू ९१२६०००.०० समेत जम्मा रू १७७८०७९४.०० बेरूजु कायम गरी सम्परीक्षण गरीएको रू ७०२०००००.०० छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्न छन ।

१. सुदिपा ट्रेडिङ्ग कम्पनि प्रा. लि. ले नेपाल सरकारलाई बुझाउनु पर्ने १३ प्रतिशतले हुने मूल्य अभिबृद्धिकर बुझाउनु पर्नेमा नवुझाएकोले सो कम्पनी बाट असूल गरी दाखिला गर्नु पर्ने देखिएको रू..... ९१२६०००.००

२. विश्वव्यापी रूपमा कोभिड १९ को कारण ठेक्का अवधिमा नेपाल सरकारले देशभर लागू हुने गरी बन्दाबन्दी गरेको कारण मिति २०७६/१२/११ देखि २०७७/०१/२५ गते सम्म ४५ दिन (विल नकाटीएको अवधि) राजस्व संकलन हुन नसकेको दिन वरावरको रकम रू ८६५४७९४/०० छुट दिने पाँचौ गाउँ सभाबाट निर्णय भएको र सुदिपा ट्रेडिङ्ग कम्पनि प्रा लिले छुट रकम भूक्तानी माग गरेकोले सो को आधारमा मिति २०७७/०५/१९ को निर्णयले खातामा जम्मा गरेको रकम चेक काटी रू ८६५४७९४/०० फिर्ता गरेकोले नियममा व्यवस्था नभएको रकम चेक काटी भुक्तानीगरेको रकम सो प्रा.लि.बाट असूल गरी दाखिला गर्नु पर्ने रू...... ८६५४७९४.००

अनुसूचीहरू

अनुसूची — १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : गल्छी गाउँपालिका, धादिंग , गल्छी गाउँपालिका , धादिङ

पद	**नाम**	**कार्यकाल सुरू मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	Nar Bahadur BK	२०८०-८-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	नेत्रमणी न्यौपाने	२०७९-६-११	२०७९-१२-१२
कार्यालय प्रमुख	लक्ष्मण कुइँकेल	२०७९-१२-१२	२०८०-८-१
कार्यालय प्रमुख	लक्ष्मी प्रसाद उपाध्याय	२०७८-७-२८	२०७९-६-२
लेखा प्रमुख	NIraj Kumar Thakur	२०७८-३-१४	२०७९-४-८
लेखा प्रमुख	राम प्रसाद आचार्य	२०७९-४-९	हाल सम्म कार्यरत

बेरूजु वर्गीकरण —

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२९,३०१,४८५.५२	५,१९२,६८१	७,८७०,३७८	०	०	२००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू.					४२,५६४,५४४.५२
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.					२५,९८५,७५४.५५

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
संपरीक्षणबाट थप भएको बेरूजू रू.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू.					१६,५७८,७८९.९७

स्थानीय तह -

गत बर्षको जिम्मेवारी		२५९२५७८३६.९७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३५८६०१४२२	**चालु खर्च**	४१४६१११९८.३९
प्रदेश सरकारबाट अनुदान	८४६१६०००	**पूँजीगत खर्च**	३२९७०७१४२.८
राजश्व बाँडफाँट	१११५२७०००	**वित्तीय/अन्य व्यवस्था**	२१०४६८६१
आन्तरिक आय	२७२१४२६६		
अन्य आय	२४४३९७०८.८५		
कुल आय	६०६३९८३९६.८५	**कुल खर्च**	७६५३६५२०२.१९
बाँकी मौज्दात		१००२९१०३१.६३	